# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०५।०६ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

---

नापी कार्यालय कलैया, बारामा कार्यरत अमिन प्रेमचन्द्र झाले जग्गा रेखाङ्कन गरी साँध सिमाना छुट्याई दिने प्रयोजनका लागी सेवाग्राहीसंग विभिन्न बहानामा घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाबाट खटिई गएको टोलीले निजलाई रु. १०,०००/- (दश हजार) घुस रकम लिई लेखापढी ब्यवसायी नुर महम्मद हवारीलाई राख्न दिएको अवस्थामा दुबैलाई नियन्त्रणमा लिई अनुसन्धान हुँदा अमिन प्रेमचन्द्र झाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा, निजलाई बिगो रु. १०,०००/- (दश हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै अमिन प्रेमचन्द्र झाले घुस रकम लिई लेखापढी ब्यवसायी नुर महमम्द हवारीलाई राख्न दिएको अनुसन्धानबाट देखिदा मतियारको रुपमा कार्य गरेको आधारमा लेखापढी ब्यवसायी नुर मोहम्मद हवारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) ले हुने सजायमा ऐ. ऐनको दफा २२ बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी